# २०८१ भदौ २४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ असोज २१ गते थाइल्याण्डमा आयोजना हुने Accelerating Implementation of the Action Plan to Strengthen Regional Co-operation on Social Protection बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय र मातहत कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न स्वीकृति प्रदान गर्ने। |
| 3 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | साल्ट ट्रेडिङ कर्पोरेशन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.लाई १५/१५ हजार मेट्रिक टन गरी कुल ३० हजार मेट्रिक टन चिनीको आयातमा लाग्ने भन्सार महशुलमा ५० प्रतिशत छुट दिई आयात गर्न स्वीकृति दिने। |
| 4 | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण र एस.जे.भि.एन. लिमिटेडबिच संयुक्त उपक्रममार्फत अरुण-४ जलविद्युत आयोजनाको विकासको लागि हस्ताक्षर भएको समझदारीपत्रको म्याद एक वर्ष थप गर्ने। |
| 5 | परराष्ट्र मन्त्रालय | सिराहा निवासी श्री चित्रलेखा यादवलाई अष्ट्रेलियाका लागि आवासीय नेपाली राजदूत पदमा र गणतन्त्र फिजी, न्युजिल्याण्ड, पपुआ न्यु गिनी, भानुआटु, टुभालु, सोलोमन आइल्याण्ड्स, सामोआ, गणतन्त्र पलाउ, गणतन्त्र नाउरु, गणतन्त्र मार्शल आइल्याण्ड्स र टोङ्गा अधिराज्यको लागि गैरआवासीय राजदूतको पदमा एक अवधि (चार वर्ष) का लागि नेपालको संविधानको धारा २८२ बमोजिमको नियुक्तिका लागि सिफारिस गर्ने। |
| 6 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | भूउपयोग (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने । |
| 7 | युवा तथा खेलकुद मन्त्रालय | आर्थिक वर्ष २०८१/८२ का लागि युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिषद्मा १५ र फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिमा ४ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 8 | वन तथा वातावरण मन्त्रालय | मिति २०८१/६/८ देखि ऐ. १० सम्म इण्डोनेसियामा आयोजना हुने 5th Ministerial Meeting कार्यक्रममा सहभागी हुन माननीय वन तथा वातावरण राज्यमन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| 9 | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मिति २०८१/५/२५ देखि २८ सम्म भारतको नयाँ दिल्लीमा आयोजना हुन गइरहेको 2nd Asia Pacific Ministerial Conference (APAC-MC) on Civil Aviation मा सहभागिताको लागि माननीय मन्त्री बद्री प्रसाद पाण्डेलाई स्वीकृति प्रदान गर्ने। |
| 10 | अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (CRPD) कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदन स्वीकृत गरी UN CRPD समितिमा पेश गर्ने। | |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं